**Kaladarpan | Volume : 5 | No.: 1 | 2025, January, pages 13-23**

DOI : https://doi.org/10.3126/kaladarpan.v5i1.74729

# तीन बराबर पाँच कथामा सामाजिक तथ्य

नेत्र एटम
सहप्राध्यापक
atomnetra@gmail.com
https://orcid.org/0009-0006-6220-2427

**सार**

प्रस्तुत लेखमा केशवराज ज्ञवालीको 'तीन बराबर पाँच' कथालाई कार्यपीठिकाका रूपमा लिएर यसमा अभिव्यक्त सामाजिक तथ्यहरूले पात्रका जीवनमा पारेका प्रभावहरूको निरूपण गरिएको छ । सामाजिक तथ्य भनेको व्यक्तिभन्दा बाहिर रहेर समाजलाई निर्माण एवम् नियन्त्रण गर्ने परिवार, धर्म, शिक्षा, सामूहिक मूल्य, सामाजिक प्रवाह, चेतना आदिको समष्टि शक्ति हो । 'तीन बराबर पाँच' कथामा आएका घटनाशृङ्खला, पात्रहरूको क्रियाकलाप र चिन्तन तथा विचारधारासित जोडिएर यसको परिवेशले भौगोलिक, प्राकृतिक, सामाजिक, सांस्कृतिक पहिचानको सूक्ष्म अवलोकन गर्दै स्थानीयतालाई नेपालव्यापी कार्यपीठिका बनाएको सन्दर्भ स्थापित गर्नु यस लेखको उद्देश्य हो । यसमा सामाजिक तथ्यका आयामहरूका आधारमा 'तीन बराबर पाँच' कथाको अध्ययनका निम्ति दुर्खिम (सन् १९५१, १९६० र १९८२) का आधारभूत मान्यतालाई सैद्धान्तिक ढाँचाका रूपमा अवलम्बन गरी गुणात्मक शोधअन्तर्गत उक्त कथाको पाठगत विश्लेषण गरिएको छ । यस क्रममा कथामा प्रयुक्त सामाजिक तथ्यको मूल्याङ्कनका निम्ति समाजमा जैविक र यान्त्रिक सङ्घीभाव सिर्जना गर्ने भौतिक सामाजिक तथ्य र अभौतिक समाजिक तथ्यका दुई ओटा उपकरणलाई विश्लेषणको आधार बनाइएको छ । यस लेखमा नेपाल र अमेरिकामा छुवाछुत एवम् रङलाई विभेदको कारण बनाई मान्छेले मान्छेलाई उत्पीडन, अन्याय र दलनमा पारी गरेको उपहासको खोजी गरिएको छ । 'तीन बराबर पाँच' कथामा समाजिक तथ्यहरूको प्रयोग गरेर कथाकारले प्रशासनिक सत्ता र सामाजिक मूल्यमान्यतालाई निरन्तरता दिने रूढ तथा विभेदमूलक चिन्तनले समाजका किनारीकरणमा परेका उत्पीडित जाति र रङका मान्छेलाई जीवनसङ्घर्षमा न्याय, समानता र अधिकार दिनाको साटो हत्या, आत्महत्या एवम् रुग्ण अवसादको अवस्थामा पुऱ्याउँछन् भन्ने निष्कर्ष निकालिएको छ । यसले गर्दा केशवराज ज्ञवालीको 'तीन बराबर पाँच' कथाका सामाजिक तथ्यहरूले वर्तमान सन्दर्भमा समाजलाई एकीकृत, सामञ्जस्यमूलक र शक्तिशाली बनाउनुभन्दा पनि प्रभुत्वशाली वर्ग, जाति, र रङका मान्छेको सेवा गर्ने र अन्यलाई जीवनबाटै पलायन हुन बाध्य पार्ने यथार्थलाई जीवन्त एवम् संवेदनशील ढङ्गले सम्प्रेषण गर्न सकेको देखिन्छ ।

**शब्दकुञ्जी** : अभौतिक सामाजिक तथ्य, अवलोकन, भौतिक सामाजिक तथ्य, सङ्घीभाव, समाजशास्त्रीय पद्धति, सामाजिक विधि ।

## विषयपरिचय

प्रस्तुत अध्ययनको विषय केशवराज ज्ञवालीको 'तीन बराबर पाँच' कथामा प्रयुक्त सामाजिक तथ्यहरूको विश्लेषण र पात्रहरूको जीवनमा तिनले पारेका प्रभावको मूल्याङ्कन रहेको छ ।

सामाजिक तथ्य (सोसियल फ्याक्ट्स) भनेका व्यक्तिभन्दा बाहिर रहेर पनि उसलाई महत्त्वपूर्ण प्रभाव पार्ने उसका कार्य, चिन्तन र अनुभूतिका तरिका हुन् । यस्ता तथ्यहरूमा व्यक्तिलाई समाजमा जोडिराख्ने सामूहिक सोच र साझा आकाङ्क्षाहरू पर्छन् । यस्ता तथ्यलाई वस्तु (थिङ्ग्ज) का रूपमा लिन सकिन्छ किनभने यिनको उपस्थिति व्यक्तिको चेतनाभन्दा बाहिर रहेर उसलाई नियन्त्रण गर्नु हुन्छ । समाजमा व्यक्तिको यथार्थलाई प्रतिनिधित्व गर्ने मिथक, दन्त्यकथा, धार्मिक अवधारणा, नैतिक विश्वास आदि विशेष सामाजिक तथ्य हुन् (दुर्खिम, सन् १९८२, पृ.४१) । यिनै तथ्यहरूले समाजका व्यक्तिहरूलाई एकीकृत गर्न भूमिका खेल्छन् । कथामा समाख्याता र पात्रहरूका माध्यमबाट सामाजिक तथ्यहरू अभिव्यक्त हुन्छन् जसका माध्यमबाट व्यक्ति हुँदै सामूहिक चिन्तनमा पुग्ने गरी समाजशास्त्रीय अध्ययनलाई केन्द्रित गर्न सकिन्छ । सामाजिक तथ्यले संसारलाई बुझ्ने दिशामा व्यक्तिका कार्यले भन्दा सामाजिक यथार्थहरूले सुनिश्चित आकार दिएको हुन्छ भन्ने प्रस्ट पार्छन् । केशवराज ज्ञवाली कथामा नेपाल र अमेरिकको परिवेशमा बाँचेका पात्रहरूलाई आकार दिने सामाजिक सत्यलाई सघन बनाएर कथातत्त्वसँग जोडेर प्रस्तुत गर्ने कथाकार हुन् । उनको *अर्को भोर* (२०७८) शीर्षकमा एउटै मात्र कथासङ्ग्रह प्रकाशित छ जसले नेपालको पद्मश्री पुरस्कार प्राप्त गरेको हो । 'तीन बराबर पाँच' कथा *अर्को भोर* कथासङ्ग्रहमा सङ्कलित छ । यस कथामा अमेरिका र नेपाली समाजमा जात र रङका आधारमा देखिने विभेदका तथ्यलाई मानवीय मूल्यसँग जोडेर कलात्मक स्वरूप दिइएको छ । 'तीन बराबर पाँच' कथालाई भौतिक र अभौतिक सामाजिक तथ्यको प्रयोगबाट संवेदनशील बनाइएको छ तर त्यस्ता सामाजिक तथ्यका बारेमा कुनै पनि प्राज्ञिक अध्ययन नभएको हुँदा उक्त कथामा सामाजिक तथ्यको प्रयोगले त्यसका पात्रहरूको क्रियाकलाप, चिन्तन र मूल्यको गति र दिशाको औचित्यका बारेमा हुनुपर्ने अध्ययन रिक्त नै देखिन्छ । अतः 'तीन बराबर पाँच' कथामा सामाजिक तथ्यहरू कुन सन्दर्भमा प्रयुक्त छन् र तिनले नेपाली एवम् अमेरिकी समाजका मूल्यहरूलाई कसरी उद्घाटन गरेका छन् भन्ने प्राज्ञिक जिज्ञासा सिर्जना भएका छन् । यिनै जिज्ञासाको समाधानका निम्ति प्रस्तुत अध्ययनमा 'तीन बराबर पाँच' कथामा अभिव्यञ्जित सामाजिक तथ्यका विभिन्न पक्ष पहिल्याई तिनका आधारमा पात्र, घटना र परिवेशको अन्तर्सम्बन्धबाट उक्त कथाको मूल्याङ्कन गर्ने उद्देश्य रहेको छ ।

## अध्ययन विधि

प्रस्तुत अनुसन्धानमा केशवराज ज्ञवालीको 'तीन बराबर पाँच' कथामा प्रयुक्त सामाजिक तथ्यका आयाम र औचित्यको मूल्याङ्कन गर्ने निर्धारित उद्देश्यहरू पूरा गर्न पुस्तकालय कार्यबाट पाठात्मक विधिबाट उक्त कथाका पात्रका सामाजिक क्रियाकलाप, चिन्तनका प्रक्रिया, मूल्यमान्यताको व्यावहारिक नियन्त्रण तथा विभिन्न सामाजिक संस्थाहरूको भूमिकासम्बन्धी दृश्य, मानवीय अन्तरक्रिया, सांस्कृतिक वातावरण, प्राकृतिक एवम् मानसिक अवस्थाको चित्रण, भाषिक अभिव्यक्तिका पक्षहरू आदिका तथ्य र तथ्याङ्कलाई प्राथमिक सामग्रीका रूपमा सङ्कलन गरिएको छ । यसरी सङ्कलित सामग्रीहरूबाट प्राप्त तथ्य र तथ्याङ्कको विश्लेषण र मूल्याङ्कन गरी सामान्यीकृत निष्कर्षसम्म पुगनका निम्ति विभिन्न सैद्धान्तिक र प्रायोगिक समालोचनाका ग्रन्थहरूबाट द्वितीयक सामग्रीको सङ्कलन गरिएको छ । उपर्युक्त दुवै प्रकारका सामग्रीहरूको समुचित प्रयोग गरी 'तीन बराबर पाँच' कथामा भौतिक र अभौतिक सामाजिक तथ्यहरूहरूको औचित्य उद्घाटन

गर्न सामाजिक तथ्य विश्लेषणको एउटा सैद्धान्तिक ढाँचा तयार पारिएको छ र पाठविश्लेषणबाट सामग्रीको व्यवस्थापन गर्दै त्यसलाई समुचित तरिकाले अर्थापन गरिएको छ ।

## सैद्धान्तिक ढाँचा

सामाजिक तथ्य भनेका व्यक्तिको व्यवहारलाई निर्देशित गर्ने र तिनको समाजको यथार्थलाई निश्चित आकार प्रदान गर्ने स्वाधीन मूल्यमान्यता हुन् । यो समाजशास्त्रको अवधारणा हो र यसलाई फ्रान्सेली समाजशास्त्री इमाइल दुर्खिमले *द रुल्ज अफ सोसियोलजिकल मेथोड* (सन् १८९५) कृतिमा स्थापित गरेका हुन् । यस्ता तथ्यका आधारमा उनले समाजमा व्यक्तिहरू एकीकृत हुनुका सामूहिक आधार पहिल्याएका छन् । व्यक्ति आफैँले सिर्जना नगरेका र आफ्नो इच्छाबाट सञ्चालित नभएका तर आफ्नो कर्तव्य, दायित्व र नियमका रूपमा अवलम्बन गर्नुपर्ने भनी निर्धारण गरेका समाजको सामूहिक चेतनाको प्रतिनिधित्व गर्ने परम्परागत मूल्यहरू नै सामाजिक तथ्य हुन् (दुर्खिम, सन् १९८२, पृ. ५०) । यस्ता तथ्यहरू व्यक्तिको चेतनाभन्दा बाहिर समाजमा विकसित भएका हुन्छन् । तिनको अस्तित्व लामो अवधिसम्मको सामाजिक अन्तरक्रिया र ऐतिहासिक विकासको परिणामबाट सम्भव भएको हो अनि सामाजिक सङ्गठनका विविध रूपहरूको प्रतिनिधिका रूपमा ती व्यक्तिका क्रिया, सोच र मूल्यमा देखा पर्छन् (हाडेन, सन् १९९७, पृ. १०४) । यस्ता तथ्यहरूमा सामाजिक निर्मिति, सामाजका प्रथा एवम् परम्परा र विश्वासहरू पर्छन् जसको शक्ति व्यक्तिका हरेक निर्णयहरूमा परेको हुन्छ । दुर्खिमले सामाजिक तथ्यलाई व्यक्तिमाथि समाजको नियन्त्रण हुने प्रक्रियाको अध्ययनका निम्ति उपयोग गरेका छन् । सामाजिक तथ्य भनेका समाजलाई एकतामा बाँध्ने र परिचालन गर्ने मूल्यहरू हुन् (मलिक र मलिक, सन् २०२२, पृ. ७) । सामाजिक तथ्यले निम्नलिखित चार तहमा समाजलाई क्रियाशील बनाउँछन् : (१) समाज र व्यक्तिलाई बाँध्ने प्रणालीका तहमा, (२) समाजभित्र व्यक्तिलाई बाँध्ने तहमा, (३) समाजका सदस्यहरूलाई समाजसँग एकीकृत रूपमा सम्बद्ध गर्ने तहमा, र (४) व्यक्तिलाई उसको समाजमा निकटस्थ तुल्याउने संसक्तिको प्रबलताका तहमा । उपर्युक्त चारै तहमा रहने सामाजिक तथ्यहरूको अवलम्बनमा व्यक्तिको शिक्षा, सामाजिकीकरण, पारिवारिक संस्कार, सामाजिक परम्पराको सम्मान, धार्मिक प्रचलन आदि बाह्य तत्त्वहरूले भूमिका खेल्छन् । दुर्खिमका अनुसार सामाजिक तथ्यका विशेषताहरूलाई यसरी स्पष्ट पार्न सकिन्छ (सन् १९८२, पृ. ५३) : (१) सामाजिक तथ्यको स्रोत व्यक्तिको चेतनाभन्दा बाहिर हुन्छ, (२) व्यक्तिको चाहनाविपरीत पनि ती लागु हुने, दबाबमूलक र नियन्त्रणकारी हुन्छन्, (३) यस्ता तथ्य निश्चित समाजमा सर्वत्र पाइन्छन्, (४) तिनको रचना समाजको सामूहिक पुनरावृत्तिको चेतनाबाट भएको हुन्छ । यस प्रकारका सामाजिक तथ्यहरूलाई तिनका प्रकृतिका आधारमा तीन वर्गमा बाँड्न सकिन्छ : (१) मानदण्ड र मूल्यसम्बन्धी, (२) सामाजिकीकरणको प्रक्रियामा सिकिने, र (३) सामाजिक परिणामका रूपमा रहेका । मानदण्ड र मूल्यसम्बन्धी सामाजिक तथ्यहरूले समाजमा पालन होऊन् भन्ने अपेक्षित नियम र विशेष गरी धर्म र संस्कृतिसँग जोडिएका मूल्यहरूलाई बुझाउँछन् (अलान, सन् २००५, पृ. १०२) । सामाजिकीकरणको प्रक्रियामा सिकिने तथ्यहरूका रूपमा युवाहरू र परिपक्वतातिर पुग्दै जाँदा सिकिने जिम्मेवारीहरू पर्छन् भने सामाजिक परिणामका रूपमा आउने तथ्यहरूमा शिक्षालयबाट काममा लाग्दाको सङ्क्रमण कालमा देखिने स्वास्थ्य, आदर सतर्कता जस्ता शिक्षाका पक्षहरू पर्छन् । यिनको पालनामा व्यक्तिको स्वतन्त्र चाहनाको नभई समाजको सामूहिक नियम र नियन्त्रणको भूमिका प्रमुख रहन्छ तर त्यसलाई लागु गर्नका निम्ति कुनै सङ्गठन भने चाहिँदैन ।

सामाजिक तथ्यहरूले एउटा देशका संस्थाहरूको संरचनामा सकारात्मक र नकारात्मक प्रभाव पारेका हुन्छन् । तिनको प्रभाव मानिसको दैनिक जीवनका काममा पनि देखिन्छ । एमिल दुर्खिमका अनुसार

जुनै प्रकारका भए पनि विषयकेन्द्रित आधारमा सामाजिक तथ्यहरू भौतिक (फिजिकल) र अभौतिक (इमटिरियल) गरी दुई रूपमा रहन्छन् (दुर्खिम, सन् १९८२, पृ. १६१) । भौतिक सामाजिक तथ्य भनेका समाजको संरचना र संस्थाहरूमा देखिने विशिष्टता हुन् जो स्थापत्यका शैली, कानुनी प्रणाली, अर्थतन्त्र, मन्दिर र धार्मिक पक्षहरू, शिक्षण संस्थाहरू आदिका रूपमा रहन्छन् । यिनको उपस्थिति वस्तुगत रूपमा हुन्छ र यिनलाई प्रत्यक्ष रूपमा अवलोकन गर्न सकिन्छ । अभौतिक सामाजिक तथ्य भनेका प्रत्यक्ष यथार्थका रूपमा प्रकट नहुने तर मान्छेको व्यवहार, कार्य र चिन्तनलाई नियन्त्रण गर्ने सामूहिक चेतनाका पक्ष हुन् जसमा सामाजिक नियम, नैतिक मूल्य, सामाजिक प्रवृत्ति आदि पर्छन् । उपर्युक्त दुई रूपमध्ये पनि व्यक्तिलाई नियन्त्रण गर्नुमा अभौतिक सामाजिक तथ्यको भूमिका अधिक हुन्छ र यसको अत्यधिक दबाबका कारण व्यक्तिले आत्महत्या गर्ने सम्भावनासमेत रहन्छ (दुर्खिम, सन् १९५१, पृ. ४८) । यस प्रकार सामाजिक तथ्यहरूको प्रभाव व्यक्तिका हरेक कार्य, सोचाइ र मूल्यगत प्रकृतिमा देखा पर्छ ।

सामाजिक तथ्यको उपर्युक्त सैद्धान्तिक विमर्शका आधारमा प्रस्तुत लेखमा केशवराज ज्ञवालीको 'तीन बराबर पाँच' कथामा सामाजिक तथ्य र तिनले खेलेको भूमिकाको निरूपणका निम्ति निम्नलिखित दुई ओटा आधारसहितको एउटा सैद्धान्तिक ढाँचा तयार पारिएको छ : (१) भौतिक सामाजिक तथ्य, र (२) अभौतिक सामाजिक तथ्य । यहाँ यिनै दुई पक्षमा केन्द्रित रही व्यक्ति र समाजलाई जैविक सङ्घीभाव (अर्ग्यानिक सोलिड्यारिटी) तथा यान्त्रिक सङ्घीभाव (मेकानिकल सोलिड्यारिटी) ले बाँधेर एकीकृत गर्ने प्रणालीका रूपमा सामाजिक तथ्यहरूको भूमिका देखाउँदै 'तीन बराबर पाँच' कथामा अभिव्यञ्जित विशिष्टताको विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

## विमर्श र परिणाम

केशवराज ज्ञवालीको 'तीन बराबर पाँच' कथामा नेपाल र अमेरिकाका सीमान्तीकृत समुदायको वास्तविकता चित्रण गरिएकाले यसमा सामाजिक तथ्यहरूको गहन प्रकटीकरण भएको छ । यसमा आएको अमेरिकी पात्र मार्कोस र उनको छोरो इम्यानुअल छालाको रङ कालो भएका कारण किनारामा पारिएका छन् भने नेपाली पात्र चन्द्रवीर र उनकी छोरी जैसरा दलित हुनुका कारण नागरिक अधिकारबाट वञ्चित पारिएका छन् । उनीहरूका निम्ति भौतिक सामाजिक तथ्यका रूपमा सरकार, पुलिस, न्यायप्रणाली, कानुन सबै छन् तर तिनको कार्य गर्ने मान्छेहरूको विभेदकारी मान्यता, मान्छेलाई दिने मूल्य र चिन्तन भने भिन्न छन् । अमेरिकामा तीन गोराको बराबर पाँच काला मान्छे हुनु र नेपालमा तीन सवर्ण मान्छेको बराबर पाँच दलित हुनु अभौतिक सामाजिक तथ्यहरू हुन् । प्रस्तुत कथामा समाख्याता 'म' पात्र (खड्का) को स्मृति र अनुभवमार्फत यस्ता तथ्यहरूको अभिव्यक्ति भएको छ । अतः 'तीन बराबर पाँच' कथामा सामाजिक तथ्यहरूबाट नेपालको बाजुरामा अवस्थिति दलित परिवारले र अमेरिकाको रिजबुडमा रहेको कालाको परिवारले भोगेको यथार्थ देखाउनुका साथै बस्तीबाट न्यायप्रणाली बेकम्मा भएका कारण सन्तान गुमाउनुपरेको र घरमूली पागल बन्नुपरेको अवस्था प्रकट भई असंवेदनशील सत्तासितको सामाजिक अन्तरक्रिया गरिएको छ । त्यसैले यस लेखमा सामाजिक तथ्यका भौतिक र अभौतिक प्रकारगत विभाजनबाट 'तीन बराबर पाँच' कथामा अभिव्यञ्जित सामाजिक तथ्यसम्बन्धी तथ्याङ्कहरूलाई केन्द्रमा राखेर बुँदागत विमर्श गरी निष्कर्षसम्म पुगिएको छ ।

### भौतिक सामाजिक तथ्य

भौतिक सामाजिक तथ्य भनेका यातायात र सञ्चारका साधन, सहरीकरण, जनसङ्ख्याको वितरण, कानुनी साधनहरू आदि समाजमा प्रत्यक्ष अवलोकन गर्न सकिने तथ्यहरू हुन् जसले सामूहिक भावना र श्रमविभाजनमार्फत समाजका सदस्यहरूलाई एकीकरण गर्ने शक्तिको भूमिका खेलेका हुन्छन् । समाजको निर्माणमा दुई प्रकारका सङ्घीभावले काम गरेका हुन्छन् भन्ने दुर्खिमको मान्यता छ : (१) यान्त्रिक र (१) जैविक । यान्त्रिक भनेको नातासम्बन्ध, धर्म, आदर्श, सामूहिक भावना आदि परम्परागत धारणाबाट समाज एकीकृत हुनु हो; यस्तो समाजमा व्यक्तिले सामूहिक हितका निम्ति आफ्ना आकाङ्क्षाको बलिदान गर्छन् (दुर्खिम, सन् १९६०, पृ. १०९) । यस्तो समाजको एकतामा मानवीय स्नेह र भावुकताको प्रबलता पाइन्छ । जैविक सङ्घीभाव भनेको चाहिँ श्रमविभाजनका कारण एकअर्कामा आश्रित भई समाज एकीकृत हुनु हो (दुर्खिम, सन् १९६०, पृ. १३१) । समाजका सदस्यहरूबिच आवश्यकता, उत्पादनको सीमितता र सिपमा निर्भरताका कारण त्यो सामूहिक भावनाले बाँधिएको हुन्छ । 'तीन बराबर पाँच' कथामा आएको समाज अमेरिका र नेपालको हो जसको भौतिक तथ्यको परिचय त्यसको स्थापत्य संरचनाका आधारमा पाउन सकिन्छ : "एउटा बेडरुमको अपार्टमन्टमा म र रमेश बस्छौँ ।.... केटाकेटीहरू खेलिरहेका छन् स्विमिङपुलको वरिपरि" (पृ. १) । यसमा आएका 'एउटा बेडरुमको अपार्टमन्ट' र 'स्विमिङपुल' स्थापत्य संरचना ( आर्किटेक्चरल स्ट्रक्चर) हुन्, जसले सहरिया जीवनशैलीको सङ्केत गर्छन् । त्यस्तै, सेभेन इलेभेन नामको प्रख्यात स्टोरमा काम गर्न थालेको 'म'पात्रले उक्त पसलको वर्णन यसरी गरेको छ :

> अगाडिपट्टि सबै सिसैसिसाको भित्ता थियो । भित्रका सामान र काउन्टरमा उभिइरहेका देवीजी पनि देखिन्थे । ढोकाको माथि भित्तामा तिनवटा मोटा रेखाहरू पोतिएका थिए । सुन्तला, हरियो र रातो । रेखाहरूको बिचमा अङ्ग्रेजी अक्षरको 'सेभेन' लेखिएको थियो । 'सेभेन'को तेर्सो भाग सुन्तला र बाँकी भाग रातो रङमा थियो । सेभेनको बिचमा हरियो अक्षरमा लेखेको 'इलेभेन'ले थाहा दिन्थ्यो पसलको नाम । ग्यास स्टेसन 'सेभेन इलेभेन' । मेरो अमेरिकाको पहिलो कार्यस्थल । (पृ. ६–७)

उपर्युक्त वर्णनले अमेरिकी पसलको एउटा चित्र प्रस्तुत गरेको छ र 'सेभेन इलेभेन'को भौतिक संरचना र कार्यकलापको परिचय दिएको छ जसमा नेपालबाट अमेरिका पुगेका देवीजी, रमेश र 'म' पात्र श्रमका कारण एकीकृत भएका छन् । यसमा एउटा कालो रङको अफ्रिकी-अमेरिकी पात्र मार्कोस भिखारीका रूपमा स्टोरमा माग्न आउँदाको प्रसङ्गमा उसलाई पुलिसमा पठाउनुपरे ९११ नम्बरमा फोन गर्न भनिएको छ (पृ. १०) । यो अमेरिकाको द्रुतसेवा दिने आकस्मिक प्रहरीको फोन नम्बर हो, जसले त्यहाँको सुरक्षासम्बन्धी सञ्चारप्रवाहको निर्बाध अवस्था देखाउँछ । यसमा मार्कोसले 'म'पात्रलाई आफ्नो छोरो इम्यानुएललाई गाडिएको चिहानघारी (सिमेट्री) मा पुऱ्याउँदा त्यहाँको स्थापत्य संरचनाको चित्रण यसरी गरिएको छ :

> हामी भित्र पस्यौँ । ती ठडिएका ढुङ्गाहरू विभिन्न आकार प्रकारका थिए । सबैमा केही न केही लेखिएका थिए । दुबो काटेर मिलाइएको, बिच बिचमा ठुला रुखहरू थिए । कुनै कुनै ढुङ्गामा फूल राखिएको थियो । सरासर मध्य भागसम्म हिँडेपछि मार्कोस दायाँ मोडियो । एउटा ठुलो रुखको नजिकै पुग्यौँ । रुखनजिकैको ढुङ्गा देखाउँदै उसले भन्यो–
>
> 'मेरो छोरा' । त्यो चारपाटे ठाडो, कालो स्लेट जस्तो ढुङ्गा थियो । (पृ. १२)

यसमा अमेरिकी पात्र मार्कोससँग नेपाली 'म'पात्र चिहानघारीमा पुगेर संवेदनशील भएको छ, किनभने कालो रङ भएकै कारण इम्यानुएललाई अमेरिकी पुलिसले गोली हानेर मारेको रहेछ र अदालतले पुलिसको कुनै गल्ती देखेनछ (पृ. १३) । यस प्रकार रङकै कारण विभेदमा परेर कानुनमा

बराबर हुँदाहुँदै पनि इम्यानुएलले न्याय पाउन सकेको देखिन्न । यसले गर्दा 'म' पात्र पनि मार्कोससँग रोएको देखिन्छ । विभेदमूलक सत्तालाई भौतिक सामाजिक तथ्यको वर्णन गरेको प्रस्तुत सन्दर्भमा फरक देशका मान्छेलाई एकीकृत गर्ने सामाजिक शक्तिका रूपमा मानवीय सम्बन्धले भूमिका खेलेको छ किनभने 'म'पात्रको परिवार पनि नेपालमा दलित भएका त्यसै गरी अन्यायमा पारिएर छिन्नभिन्न भएको स्मृति यसमा आएको छ । यस प्रकारको निकट सम्बन्धलाई पुष्टि गर्दै 'म'पात्रलाई मार्कोससित भन्न मन लाग्छ– "कति धेरै कुराहरूमा फरक छौँ तिमी र म, तर पनि एकै भोगाइ, एकै पीडा । तिमी सदियौँपछाडि फर्केर भेट्न खोज्छौ, आफ्नो छोराको ज्यानमा अड्केका गोलीहरूका बिउ । म, मेरी जैसरा र बाको मृत्युमा इतिहास भोग्छु" (पृ. १४) । यसमा किनारीकृत सामाजिक जीवनभोगाइले दुई भिन्न देश र संस्कृतिका पात्रहरूलाई पनि निकट सम्बन्धमा प्रवाहित गरेको देखिन्छ ।

'तीन बराबर पाँच' कथामा आएको 'म'पात्रको नेपालमा वासस्थान बाजुरा जिल्लाको मार्तडी बजार हो । उनका बुवा चन्द्रवीर तिरुवा जिल्ला हुलाक कार्यालयका पियन हुन् । यस प्रसङ्गमा 'म'पात्रको स्मृतिमा मार्तडी बजार, जिल्ला हुलाक कार्यायल, स्कुल आदि भौतिक सामाजिक तथ्यको चित्रण भएको छ । डिभी चिट्ठा परेर अमेरिका पुगेको 'म'पात्रले गाउँ यसरी सम्झेको छ :

> बाजुरा मार्तडीको सेरोफेरो । हुलका हुल घण्टी बजाउँदै हिँडेका खच्चरहरू । हामी त्यो भिड छिचोल्दै पुग्थ्यौँ बजारको टुप्पोसम्म ।.... एक दिन भनेँ बालाई, 'बा, मलाई राम्याँले दिनै डुम भन्छ ।' बा भोलिपल्टै स्कुल पुगे । अफिसकोठामा गए र हेडसरलाई भेटे । मैले रामेलाई भनेँ, 'मेरा बा राजाका मान्ठा हुन् । फेरि केई भनिछै भन्या बाकन भनी तोकन झ्यालखानामा हुल्याउँन्याँ हौँ ।' (पृ. २)

यसमा मार्तडीको चित्रण अमेरिकाको भन्दा विपरीत तहको अवस्था देखिन्छ जहाँ हुलाक, स्कुल जस्ता सरकारी कार्यालयका साथै यातायातका साधनका रूपमा खच्चरहरू आएका छन् । स्कुलमा अफिसकोटा र हेडमास्टरका रूपमा भौतिक सत्ता प्रदर्शन गर्ने स्थापत्य संरचना यसमा देखिन्छन् । उक्त संरचना अमेरिकाको भन्दा भिन्नता रहे पनि रङ र जातीय विभेदको रूप भने दुवैतिर समान रहेको यसले प्रस्ट पार्छ । शिक्षा दिएर समाजलाई सभ्य बनाउनुपर्ने स्कुलमै 'म'पात्र राम्याँबाट 'डुम' भनिएर कमजोर मानिनुपर्ने र हेपिनुपर्ने सामाजिक तथ्य यसमा प्रकट भएको छ । 'म'पात्रकी दिदी जैसराले गाउँको कथित उपल्लो जातको मान्छेसित बिहे गर्दा गाउँलेहरूले उपल्लो जातका महेन्द्रका छोराको पक्ष लिनु, चन्द्रवीर पुलिस थानामा जानु र त्यहाँ पनि विभेद खप्नुपरेको हुँदा शक्तिशालीबाट कानुन र झ्यालखानाका रूपमा रहेका भौतिक सामाजिक तथ्यको दुरूपयोगलाई यसमा देखाइएको छ (पृ. ४) । जैसराको आत्महत्यापछि 'म'पात्रको परिवार नेपालगन्ज सहरमा बसाइँ सरेको र त्यस स्थानको पृथकताको तथ्य वर्णन यसरी आएको छ– "बा नेपालगन्जको अफिस जान थाले । हाम्रो सबै घर एउटा कोठामा खुम्चियो । मलाई भने बानी पर्दै गयो । यता पनि खच्चड जस्ता स-साना घोडा भेटेँ । ती नुन बोक्दैनथे, टाँगा तान्दै रूपैडिहा जान्थे" (पृ. ५) । यसमा पहाडबाट जनसङ्ख्या तराईतिर सर्ने अवस्था र सहरिया बसाइको सीमित अवस्था देखाइएको छ । तराई र बजार क्षेत्र भएकाले टाँगा तान्ने घोडाहरूको योगदान तथा नेपालगन्जबाट भारतीय सीमावर्ती सहर रूपैडिहाको यात्राको भौतिक तथ्य यसमा प्रकट भएका छन् । यसले त्यहाँको समाजका सदस्यहरू श्रमका कारणले एकीकृत भएको देखाउँछ ।

कानुनी संहिता (लिगल कोड) पनि भौतिक सामाजिक तथ्य हो । प्रस्तुत कथामा 'म'पात्रले काम गर्ने स्टोरमा डोनट माग्न आउने बुढो मार्कोसले पसलको पेटीमा रहस्यमय तरिकाले तीन बराबर पाँच

लेखेको देखिन्छ र त्यसै अङ्कसङ्केतका आधारमा कथाको शीर्षक पनि राखिएको छ । अमेरिकी इतिहासमा कानुनी रूपमा भएको एउटा विभेदमूलक घटनासित यो सङ्केत जोडिएको वर्णन मार्कोसले यसरी गरेको छ :

> 'म इतिहासको शिक्षक हुँ । अमेरिकाको इतिहास...' एक छिन रोकियो र आँसु पुछ्यो । 'सन् १७८७ मा जनगणना गर्दा ठुलो विवाद भयो । कालालाई गन्ने कि नगन्ने भनेर । राजनीतिज्ञहरू जम्मा भए र सहमतिमा पुगे । कालाहरूलाई पूरै मान्छेको रूपमा गन्न मिल्दैन । पाँच जना कालाहरूलाई, तीन जना गोरा मान्छेको बराबर गन्न मिल्छ । यसरी कानुनी रूपमा कालाहरूलाई पूरै मान्छे मान्न इन्कार गरियो ।'.... 'लागेको थियो, यो इतिहासको कुरा हो । दासप्रथा उहिल्यै उन्मूलन भयो । समय १७८७ बाट धेरै अगाडि आयो । आन्दोलन भए, कानुन बने । कागजमा विभेद मेटियो तर मान्छेको मनभित्रको मैलो पुछिएन । आज पनि अमेरिकाका जेलभरि कालाहरू धेरै छन् । (पृ. १३–१४)

काला मान्छेमाथिको विभेदमा आधारित तीन बराबर पाँचको उपर्युक्त कानुनी व्यवस्था सन् १७८७ मा लेखिएको अमेरिकाको संविधानको धारा (आर्टिकल) १ को भाग (सेक्सन) २ मा गरेको देखिन्छ ( नेसनल आर्काइभ्ज, सन् २०२४) । त्यसैले गर्दा मार्कोसको कालो छोरालाई गोरो पुलिसले विनासोधपुछ सिधै गोली हानेको छ र अदालतमा मुद्दा लड्दा पनि निर्णयमा "पुलिसको गल्ती देखिएन" (पृ. १३) भन्ने आएको छ । इम्यानुएल मात्र होइन, धेरै कालाहरू अमेरिकामा त्यसरी मारिएका छन् भन्ने कुरा मार्कोसको डायरीका पानाबाट थाहा पाइन्छ (पृ. १४) । यस प्रकार भौतिक सामाजिक तथ्यका रूपमा रहेका राज्यसंयन्त्र र संस्थाहरू पनि विभेदलाई बढाउन सहायक भइरहेको सन्दर्भ यसले पुष्टि गर्छ ।

'तीन बराबर पाँच' कथामा प्रयुक्त भौतिक सामाजिक तथ्यहरूको उपर्युक्त विश्लेषणबाट के निष्कर्ष प्राप्त हुन्छ भने अमेरिका र नेपालका स्थापत्य संरचना, यातायात र सञ्चारका साधन एवम् कानुनी तथा सरकारी संयन्त्रहरूको व्यवस्था भिन्न भिन्न भए पनि अमेरिकी रङका मान्छेले भोग्नुपर्ने विभेद र उत्पीडन नेपालका दलित जातिका मान्छेले पनि भोग्नुपरेको छ । प्रविधिको विकास, बजारको विस्तार तथा साधनको पर्याप्तता भए पनि र कानुनी दृष्टिले सबै नागरिक समान मानिए पनि श्रमका कारणले एकीकृत समाजमा श्रेणीकरणका कारण मानवीय संवेदनाको सङ्घीभाव भने हराउँदै गएको सामाजिक तथ्य प्रस्तुत कथाले उद्घाटन गरेको छ ।

## अभौतिक सामाजिक तथ्य

अभौतिक सामाजिक तथ्य भनेका भौतिक अस्तित्वमा नदेखिने तर समाजमा रहेका आदर्श, मूल्यमान्यता, परम्परा, सांस्कृतिक चिन्तन, विश्वास आदि सामाजिक वस्तु हुन् । यस्ता वस्तुले व्यक्तिको बाह्य रूपमा रहेर व्यक्तिमा अभिरुचि, प्रभाव र भय सिर्जना गर्छन् जसले गर्दा व्यक्ति आफूले नचाहेको कुरा पनि गर्न बाध्य हुन्छ । यस्ता बाध्यकारी कार्यमा व्यग्रता, क्रोध, अहम् र लज्जाले भूमिका खेलेका हुन्छन् (रित्जर, सन् १९९२, पृ. ८७) । व्यक्तिको स्वतन्त्रतामाथि हस्तक्षेप गरेर तिनले नियम पालन गराउन सामाजिक नैतिक दबाब पनि दिन्छन् । गल्ती गरेको मान्छे कानुनबाट बचे पनि आत्मग्लानिले स्वयम् दण्डित हुनुको कारण अभौतिक वास्तविकताकै प्रबलता हो । अदृश्य रहेर पनि यसले व्यक्तिलाई शासन गरिरहेको हुन्छ । दुर्खिमका अनुसार संस्कृति, धर्म, आदर्श, नैतिकता आदि सामूहिक चेतनाले र तत्कालीन सामाजिक प्रवाहले समाजलाई भावनात्मक रूपमा एक बनाई समाजलाई नियमन, निर्देशन र व्यवस्थापन गरेका हुन्छन् (रित्जर, सन् १९९२, पृ.

८९) । केशव ज्ञवालीको 'तीन बराबर पाँच' कथामा अमेरिका र नेपालको जनजीवनमा अभौतिक समाजिक तथ्यको प्रभाव प्रबल देखिन्छ ।

प्रस्तुत कथामा अभौतिक सामाजिक तथ्यका रूपमा 'म'पात्र, उनका बुवा चन्द्रवीर, दिदी जैसरा, आमा तथा अमेरिकाका देवीजी, रमेश र मार्कोसका मूल्यमान्यता प्रमुख रूपमा आएका छन् । कथाको प्रारम्भमा 'म'पात्रको स्मृतिमा उनको बाप्रतिको मान्यता प्रकट भएको छ– "मेरा बाले नजानेको केही छैन जस्तो लाग्थ्यो त्यति बेला । म पनि ठुलो हुन्छु र बा जस्तै बन्छु" (पृ. २) । यसमा पितृसत्तात्मक समाजमा बाप्रतिको विश्वास, आस्था र आदर्शको सामाजिक मूल्य प्रकट भएको छ । त्यसै गरी छोराप्रति उनका बाको मान्यता चाहिँ "तमीले बेस्कन पढ्नु पढ्न्याँ हो । पढे मान हुँदो छ" (पृ. २) भनाइमा देखिन्छ जसले पढाइलाई नै सर्वस्व ठान्ने सामाजिक तथ्यको उद्घाटन गर्छ । चन्द्रवीरको जीवनदर्शन नै "आफूले सक्न्याँ जति सबैकन मद्दत दिनु निको" (पृ. २) भन्ने रहेको छ । यसले परोपकारी सोचका रूपमा रहेको अभौतिक सामाजिक तथ्यको प्रतिनिधित्व गरेको छ ।

जातीय र रङका आधारमा हुने विभेद प्रस्तुत कथाको प्रमुख अभौतिक सामाजिक तथ्य हो । नेपाल र अमेरिका दुवै देशका कानुनका दृष्टिमा मानवीय विभेद सजाययुक्त कर्म हो तर सामाजिक रूपमा यस्ता विभेदको वचर्स्व अद्यापि कायम छ । चन्द्रवीरकी छोरी जैसरा महेन्द्रको छोरासँग भागेर गएपछि अधिकांश मान्छे महेन्द्रका पक्षमा लागेका देखिन्छन् र गाली गर्ने भिडले चन्द्रवीरलाई "डुम साल्या, बढी बोल्दो" (पृ. २) भनी बोल्न समेत नदिएर पिटेको देखिन्छ । पुलिस थानामा भएको प्रस्तुत संवादबाट समाजको रुढ अभौतिक तथ्य यसरी प्रकट हुन्छ :

> बाले एक सासमा भने– 'मकन हान्याँ । मार्न खोज्न्या । सुरक्षा चाहियो । उजुर लेख्न पऱ्यो हजुर ।'
>
> 'के भयो ?'
>
> 'महेन्द्रको छोरा र मेरी छोरी एकाइ क्लास पढ्दाछन् । छोट्या छोट्टी स्कुल छाडीकन हिँड्याका रयाछन् । छोट्याका बाले भेट्या ।'
>
> 'तिमीसित किन झगडा गरेको ?' हाकिमले थप सोधे ।
>
> 'हेला हर्याको तल्ला जात भनीकन । उजुर हाल्न पऱ्यो ।'....
>
> 'हजुर, जात्ती अन्याय भया । कारबाही गर्न पऱ्यो । तल्लो जात भनीकण्ट अर्काका घर आइवर हान्न पाइँदो हो कि ?' (पृ. ३)

यसमा आफू उच्च जात भएको अहम्का कारण महेन्द्रले चन्द्रवीरकै घरमा भिड लगेर पिट्ने र हेप्ने गरेको अभौतिक तथ्यको परिणति देख्न पाइन्छ । कानुनमा सबै समान भए पनि चरम जातीय विभेद भोग्न परेर चन्द्रवीरको परिवार आक्रोशमा आएको छ । प्रेम गर्नुलाई अपराध ठान्ने अनि भाग्ने कार्यमा केटा र केटीको समान रूपले सहभागी भए पनि केटीलाई मात्र चरित्रहीन, अपराधी र दोषी ठान्ने सामाजिक चिन्तन प्रवाह यसमा पाइन्छ । त्यसैले पुलिस थानाबाट फर्केको रातभरि चन्द्रवीरका पतिपत्नीले जैसरालाई गाली गरेका छन् (पृ. ३) । महेन्द्रले चन्द्रवीरका विरुद्ध उजुरी दिएपछि चन्द्रवीर आक्रोशमा आई पुलिसलाई गाली गर्न थालेपछि उसलाई थानामा थुनिएको छ । थुनामा राखेर घाइते भएको पतिलाई लिएर आएकी 'म'पात्रकी आमाले जैसरालाई यसरी कठोर गाली गरेकी छन्– "तेराइ लाग्दा यसो भयाको हो । जन्मिँदै मरेको भए बरु शान्ति पाउँना हौँ" (पृ. ४) । त्यसरी

आफूले गरेको गल्तीको पश्चात्ताप, आफ्नै कारण बा घाइते हुनुपरेको तथा आमाको कठोर गाली खानुपरेको अपराधबोधका कारण राति जैसराले ओखरको बोटमा झुन्डिएर आत्महत्या गरेकी छ । यस प्रकार जैसराले आत्महत्या गर्नुमा समाजमा कानुनी राज्यको अभाव, पीडितलाई प्रताडित गर्ने सोच र आफूलाई सबै परिणामको दोषी ठान्ने कमजोर चिन्तन आदि अभौतिक सामाजिक तथ्यको भूमिका यसमा प्रबल देखिन्छ । गाउँलेले 'डुम' भनेर गरेको अपमानबोध एवम् छोरीको आत्महत्याको लज्जाका कारण चन्द्रवीर विषाद (डिप्रेसन) का बिरामी हुन पुगेका छन् । जैसराले आत्महत्या गरेको वर्ष दिन पुगेको रातिदेखि उनको लक्षण यस्तो देखिएको छ :

> बा ऐनामा आफ्नै अनुहारमा थुक्दै चिच्याउँदै थिए– 'डुम साल्या ।' घरभेटी दाइले एम्बुलेन्स बोलाइदिए । वर्षैपिच्छे बाको व्यथा झन् झन् चर्को हुँदै गयो । पछि पछि त बा केही गर्न नसक्ने हुँदै गए । बा बोल्न छोडे । सोधेको कुरा पनि बल्ल बल्ल उत्तर दिन्थे । एक ठाउँमा बस्थे, टोलाई राख्थे । (पृ. ७)

यस प्रकारको अवस्थाले चन्द्रवीरको मनस्थिति असामान्य बन्न पुगेको पुष्टि गर्छ र यो अवस्था आउनाको कारण अभौतिक सामाजिक तथ्यहरूले उनलाई नियन्त्रणमा लिनु र उनी तिनबाट मुक्त हुन नसक्नु हुन् । एकातिर जैसराले आत्महत्या गर्ने अवस्था सिर्जना हुनु र अर्कातिर चन्द्रवीर मानसिक रोगी बन्नुमा अहम्को सामूहिक चेतना र विभेदको उत्पीडनको भूमिका भएको हुनाले 'तीन बराबर पाँच' कथाले पाठकलाई दुःखान्त वातावरणमा पुऱ्याउन सकेको छ । चन्द्रवीरकै जस्तो अवस्था अमेरिकी नागरिक मार्कोसमा पनि घटित भएको देखाएर यस कथामा कथाकारले एक प्रकारको सादृश्य सिर्जना गरेका छन् । मार्कोस र 'म'पात्रको समान रुनुपर्ने अवस्था हुनुमा विभेदमूलक सामाजिक प्रवाह (सोसियल करेन्ट) को भूमिका प्रबल रहेको तथ्य यसरी वर्णन गरिएको छ :

> सबै कुरा भन्न भाषाले पनि दिएन । म पनि रोइदिएँ ऊसँगै । हाम्रो भाषा पो फरक भयो । दुःखको बोली त उस्तै जहाँ पनि, जहिले पनि । उसलाई अँगालो मारेर भन्न मन लाग्यो, 'बड्डा, मा पनि तिमी जस्तै गन्तीमा नपरेको मान्छे । हामी जन्मँदा, कहाँ जन्मने भनेर जन्मेनौँ । किरा जस्तै जन्मियौँ । रुखपात जस्तै जन्मियौँ । अरु मान्छे जस्तै जन्मियौँ । तर समाजले हामीलाई पूरै मान्छे मान्न सधैँ आनाकानी गरिरह्यो ।' (पृ. १४)

उपर्युक्त कथनमा आएको मार्कोस, इम्यानुएल, चन्द्रवीर, जैसरा आदिलाई मान्छे मान्न आनाकानी गर्ने समाजको चेतना नै अभौतिक सामाजिक तथ्य हो जसले शताब्दीऔँदेखि कानुनलाई समेत चुनौती दिई समाजमा अनेक नाममा विभेद बढाइरहेको छ । त्यही विभेदका कारण जैसराले आत्महत्या गर्नुपरेको छ, इम्यानुएलले विनाअपराध गोली खानुपरेको छ भने चन्द्रवीर र मार्कोसले विक्षिप्त जीवन बाँच्नु परिरहेको पाइन्छ । यसरी अभौतिक सामाजिक तथ्यबाट कठोर तरिकाले नियन्त्रित भएका कारण 'तीन बराबर पाँच' कथाका पात्रहरूले सहज जीवन बाँच्न सकेका छैनन् र सत्ताधारी संस्थामा बसेका आधिकारिक मान्छेमा रहेको अभौतिक सामाजिक तथ्यहरूको नियन्त्रणले नेपाल वा अमेरिका जुनसुकै ठाउँको समाजमा रहे पनि मान्छेले पनि विभेद, उत्पीडन र अन्याय खप्नुपरेको छ । विनाअपराध युवाहरू मर्नुपर्ने र पाकाहरू विक्षिप्त हुनुपर्ने अवस्था सिर्जना हुनु समाजको पतनशील अवस्था हो । कथित कमजोर जाति र रङका पात्रहरू समाजको जैविक र यान्त्रिक सङ्घीभावका नाममा सधैँ किनारामा परिरहने र सामाजिक एकताका निम्ति तिनीहरूले मात्र जीवन उत्सर्ग गरिरहनुपर्ने अवस्थाका कारण यस काथमा अभौतिक सामाजिक तथ्यहरूले समाजका केवल सामन्ती, सत्ताधारी र पुँजीपति वर्गको मात्र सेवा गरिरहेको पुष्टि हुन्छ ।

## निष्कर्ष

प्रस्तुत अध्ययनमा केवशराज ज्ञवालीको 'तीन बराबर पाँच' कथामा प्रयुक्त सामाजिक तथ्यका विभिन्न पक्षहरूलाई . पात्र र परिस्थितिसँग अन्तरसम्बन्धित गरेर मूल्याङ्कन भएको छ । यसमा प्रयुक्त सामाजिक तथ्यहरूले पात्रहरूका चिन्तन, क्रियाकलाप, संवेदना र स्थानिकतालाई यथार्थमा आधारित बनाएर कथाको अन्तर्वस्तुलाई अर्थ प्रदान गरेका छन् । 'तीन बराबर पाँच' कथामा समाहित भौतिक र अभौतिक सामाजिक तथ्यहरू अन्ततः तात्क्षणिक रूपमा अमेरिका र स्मृतिका रूपमा नेपालमा विद्यमान रङ र जातिका सदस्यले भोग्नुपरेको किनारीकरण, उत्पीडन एवम् विभेदसँग जोडिएका छन् । भौतिक सामाजिक तथ्यका रूपमा रहेका नेपालका गाउँ वा सहरको संरचना, आर्थिक अवस्था जनसङ्ख्याको असमान वितरणका कारण तथा प्रशासक, प्रहरी र शैक्षिक संस्थाले नेपाली गाउँमा आफूलाई उपल्लो श्रेणीका ठान्ने बहुसङ्ख्यक र शक्तिशाली जाति तथा सत्ताले गरेको अल्पसङ्ख्यक, कमजोर र दलित वर्गमाथि दमन गरेका छन् । अमेरिकामा सञ्चार, बजार र वासस्थान समृद्ध रहे पनि कालाहरूमाथि सत्ताको दमन नेपालकै जस्तो भयावह छ । अभौतिक सामाजिक तथ्यका रूपमा रहेका चिन्तन, मान्यता, आदर्श र सामाजिक प्रवाहको भूमिका हेर्दा नेपाल र अमेरिका दुवैतिर सीमान्त वर्गलाई उत्पीडनमा पारेर हत्या, आत्महत्या र विषादमा पुऱ्याउने कार्यमा महत्त्वपूर्ण रहेको देखिन्छ । यसले गर्दा समाज इमाइल दुर्खिमले भनेबमोजिम मानवीय संवेदना र श्रमविभाजन कुनै तरिकाले पनि एकीकृत हुन सकेको छैन । नेपालमा सामन्तवादी र अमेरिकामा पुँजीवादी चिन्तन प्रबल रहे पनि दुवै व्यवस्थामा सामाजिक तथ्यहरूले समाजमा कमजोर, किनारीकृत र निमुखा वर्गका मान्छेलाई मूल प्रवाहका रूपमा रहेको वर्गका अगाडि झन् निरीह बनाउँदै गएको देखिन्छ । इतिहासदेखि नै शासित वर्गले आफ्नो स्वार्थअनुकूल नियमकानुन, आदर्श र मूल्यमान्यता बनाउँदै जाने र त्यसलाई सामाजिक सत्यका रूपमा लागु गरेर राज्य र समाज नै दमनशील एवम् अमानवीय बन्दै गरेको वर्तमान यथार्थलाई केवशराज ज्ञवालीले 'तीन बराबर पाँच' कथामा गम्भीर ढङ्गबाट व्यङ्ग्य गरेका छन् । सामाजिक तथ्यको प्रयोजन भनेको समाजमा एकता प्रबर्द्धन गर्ने, नैतिक मूल्यहरूलाई पुनर्बल दिने, सामाजिक व्यवहारलाई वर्णन गर्ने र सामूहिक हितका लागि व्यक्तिलाई संयमित बनाउने हो तर प्रस्तुत कथामा प्रयुक्त सामाजिक तथ्यहरूले सबैभन्दा पुरानो गणतन्त्रात्मक देश अमेरिका र भर्खरै गणतन्त्रमा प्रवेश गरेको देश नेपालको लिखित कानुनी आवरणमा विलुप्त सङ्कीर्ण आन्तरिक चिन्तनको विपर्यास उद्घाटन भई मान्छे मान्छे एकै हुन् भन्ने मानवतावादी उदार भावको उपहाससमेत गरेका छन् । यसबाट अहिलेको समाजमा जैविक र यान्त्रिक सङ्घीभाव स्थापनाका निम्ति सबै वर्गको नभई किनारीकृत वर्गले समाजप्रति गरेको समर्पण र त्यसको मुकता एवम् भयको मात्र योगदान रहेको पुष्टि हुन्छ ।

## सन्दर्भसामग्री

अलान, केनेथ (सन् २००५). *याक्सप्लोरेसन्ज इन क्लासिकल सोसियोलजिकल थियरी : सिइङ द सोसियल वरल्ड.* लन्डन : पाइन फ्रोज प्रेस ।

कफ, ई.सी., स्यारोक, डब्लु.डब्लु. र फ्रान्सिस, डी.डब्लु. (सन् १९९२). *पर्सपेक्टिभ्ज इन सोसियोलजी.* (थर्ड इडि.). लन्डन : रुटलेज ।

खतिवडा, विश्वराज (२०६९). गुरुप्रसाद मैनालीका कथामा सामाजिक वास्तविकता. त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुरमा प्रस्तुत अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध ।

गिडेन्ज, यान्थोनी (सन् १९७१). *क्यापिटालिजम् यान्ड मोडर्न सोसियल थियरी : यान अन्यालिसिस अफ द राइटिङ्ज अफ मार्क्स, दुर्खिम यान्ड म्याक्स वेबर.* क्याम्ब्रिज : क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

ज्ञवाली, केशवराज (२०७८). *अर्को भोर.* काठमाडौँ : शिखा बुक्स ।

जज, परम्जित एस. (सन् २०१२). *फाउन्डेसन्ज अफ क्लासिकल सोसियोलजिकल थियरी : फङ्सनलिजम्, कन्फ्लिक्ट यान्ड याक्सन.* न्यू दिल्ली : पार्सन एडुकेसन ।

नेसनल आर्काइभ्ज (सन् २०२४ सेप्टेम्बर ३०). *द कन्स्टिच्युसन अफ द युनाइटेड स्टेट्स् : अ ट्रान्स्क्रिप्सन.* वेब. https://www.archives.gov/founding-docs/constiturion-transcript#toc-section-2-

दुर्खिम, इमाइल (सन् १९५१). *सुसाइड : अ स्टडी इन सोसियोलजी.* (अनु.). जे.ए. स्पाउल्डिङ यान्ड जी. सिम्प्सन. न्यू योर्क : द फ्री प्रेस ।

दुर्खिम, इमाइल (सन् १९६०). *द डिभिजन अफ लेबोर इन सोसाइटी.* (अनु.). जर्ज सिम्प्सन. (फोर्थ इम्प्रेसन). इलिनोइस : द फ्री प्रेस अफ ग्लेन्को ।

दुर्खिम, इमाइल (सन् १९८२). *द रुल्ज अफ सोसियोलजिकल मेथोड.* (अनु.). डब्लु. डी. हाल्स. ( सेकेन्ड इडि.). न्यू योर्क : द फ्री प्रेस ।

मलिक, हुमा अख्तर र मलिक, फिजाना अस्राफ (सन् २०२२). इमाइल दुर्खिम कन्ट्रिब्युसन टू सोसियोलजी. *इन्टरनेसनल जर्नल अफ अक्याडमिक मल्टिडिसिप्लिनरी रिसर्च.* ६ (२). पृ. ७–१० ।

रित्जर, जर्ज (सन् १९९२). *सोसियोलजिकल थियरी.* (थर्ड इडि.). न्यू योर्क : म्याकग्र-हिल ।

स्नेल हर्जोङ, प्याट्रिसिया (सन् २०१८). सोसियल फ्याक्ट्स. वेब. 10.1002/9781405165518.wbeoss151.pub2.

हाडेन, रिचार्ड डब्लु. (सन् १९९७). *सोसियोलजिकल थियरी : यान इन्ट्रडक्सन टू द क्लासिकल ट्रेडिसन.* टोरन्टो : युनिभर्सिटी अफ टोरन्टो प्रेस ।